**आकाशवाणी समाचार- नेपाली**
**मितिः २० सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

१.राष्ट्रपति द्रौपदी मुर्मुले दिल्ली, जम्मू-कश्मीर, लद्दाख, झारखण्ड र कर्नाटकका उच्च न्यायालहरूमा १४ न्यायिक अधिकारीहरूलाई न्यायाधीश र अतिरिक्त न्यायाधीशको रूपमा नियुक्त गर्नुभयो।

२.प्रधान मन्त्री श्री नरेन्द्र मोदीले 20 औं रोजगार मेलामा विभिन्न सरकारी संगठनहरूबाट 51,000 भन्दा बढी नवनियुक्त व्यक्तिहरूलाई नियुक्ति पत्र प्रदान गर्नुभयो। श्री मोदीले भन्नुभयो, सरकार निजी क्षेत्रमा रोजगारीका अवसरहरू तीव्र गतिमा बढाउनका लागि पनि काम गरिरहेको छ।

३.अखिल भारतीय विद्यार्थी परिषद (एबीभीपी) ले दिल्ली विश्वविद्यालय विद्यार्थी संघको चुनावमा अध्यक्ष, सचिव र संयुक्त सचिव पदहरूमा विजय हासिल गरेको छ। रक्षा मन्त्री राजनाथ सिंह र गृहमन्त्री अमित शाहले चुनावमा काउन्सिलको विजयका लागि बधाई दिनुभएको छ |

४.आज आन्ध्र प्रदेश, कर्नाटक, केरलम्, माहे, तमिलनाडु, तेलङ्गाना र अन्डमान अनि निकोबार द्वीपहरूमा भारी वर्षा हुने सम्भावना छ।

५.जापानमा शुरू भएको 20 औ एशियाई खेल 2026 मा आज बिहान बिभिन्न भारतीय खेलाडीहरुले बेग्ला-बेग्लै स्पर्धामा पदक जित्ने प्रयाश गर्नेछन् |

**<u>राष्ट्रपति - न्यायाधीश नियुक्ति</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले दिल्ली, जम्मू-कश्मीर, लद्दाख, झारखण्ड र कर्नाटकका उच्च न्यायालहरूमा १४ न्यायिक अधिकारीहरूलाई न्यायाधीश र अतिरिक्त न्यायाधीशको रूपमा नियुक्त गर्नुभयो। कानून र न्याय मन्त्रालयले यो नियुक्ति भारतका मुख्य न्यायाधीशसँग परामर्श गरेपछि गरिएको जानकारी दिएको छ। निवेदिता अनिल शर्मा र निशा सहाय सक्सेनालाई दिल्ली उच्च अदालतको न्यायाधीशको रूपमा नियुक्त गरिएको छ। यसका साथै पाँच न्यायाधीशलाई दिल्ली उच्च अदालतको अतिरिक्त न्यायाधीशको रूपमा नियुक्त गरिएको छ, जबकि जम्मू-कश्मीर र लद्दाख उच्च न्यायालयको उच्च न्यायाधीशको रूपमा एक-एक न्यायाधीशलाई नियुक्त गरिएको छ। मनोज प्रसाद, अखिल कुमार र राम शर्मालाई झारखण्ड उच्च अदालतको न्यायाधीशको रूपमा नियुक्त गरिएको छ। यसका अतिरिक्त, तीन न्यायाधीशहरूलाई कर्नाटक उच्च न्यायालयको अतिरिक्त न्यायाधीशको रूपमा नियुक्त गरिएको छ।

**<u>प्रधान मन्त्री</u>**

प्रधान मन्त्री श्री नरेन्द्र मोदीले विकसित र आत्मनिर्भर भारत निर्माणमा युवाहरूको महत्त्वपूर्ण भूमिकामाथि जोड दिनुभएको छ। प्रधान मन्त्रीले हिज भिडियो कन्फरेन्समार्फत विभिन्न सरकारी संगठनहरूमा भर्ना भएका ५१,००० भन्दा बढी भर्तीहरूलाई नियुक्ति पत्र वितरण गर्नुभयो। यस अवसरमा बोल्नुहुदै प्रधान मन्त्रीले भन्नुभयो, केन्द्र सरकारले विगत केही वर्षहरूमा युवाहरूलाई भविष्यका चुनौतीहरूका लागि आवश्यक सीप र अवसरहरू प्रदान गर्नमा निरन्तर ध्यान केन्द्रित गरिरहेको छ।

**Byte**

**आज देशका ५१ हजारभन्दा बढी युवाहरुलाई सरकारी सेवामा नियुक्ति पत्र दिइरहेका छन्। म तपाईं सबै युवा साथीहरु, तपाईंको परिवारजनहरुलाई धेरै धेरै बधाई दिन चाहन्छु। आज तपाईं सबै भारत सरकारसँग एक ऐसे समय मा जोडिएका छौं, जब देश एक बहुत ठूलो लक्ष्य तर्फ अघि बढिरहेको छ र त्यो लक्ष्य है- २०४७ सम्ममा विकसित भारत निर्माण गर्ने।**

प्रधानमंत्रीले भन्नु भयो कि सरकार निजी क्षेत्रमा रोजगारको अवसरलाई तीव्र रुपमा वृद्धि गर्न काम गरिरहेको छ।

प्रधान मन्त्रीले भन्नुभयो, भारत आज विश्वको तेस्रो ठूलो स्टार्टअप इकोसिस्टम हो।

**Byte**

**आज भारत विश्वको तेस्रो सबैभन्दा ठूलो स्टार्टअप इकोसिस्टम हो र भारतको स्टार्टअप स्टोरी अब ठूला शहरहरूको कथा मात्र होइन, आज मान्यता प्राप्त स्टार्ट-अपहरूको लगभग आधा टियर-२ र टियर-३ शहरहरूमा छन्। अर्थात्, आज गाउँ, कस्बा र साना शहरका युवाहरूले पनि भारतको नयाँ अर्थव्यवस्थामा ठूलो भूमिका खेलिरहेका छन्।**

यस अवसरमा देशका विभिन्न स्थानमा कार्यक्रमहरूको आयोजना गरिएको थियो। कोलकातामा उत्तर पूर्वी क्षेत्रका शिक्षा तथा विकास राज्य मन्त्री डा. सुकान्त मजुमदारले नवनियुक्त व्यक्तिहरूलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभयो।

नागरिक उड्डयन मन्त्री के. राम मोहन नायडूले विशाखापट्टनममा आयोजित २० औं रोजगार मेलामा २०० नवनियुक्त व्यक्तिहरूलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभयो। मुम्बईमा युवा मामिला र खेलकुद राज्य मन्त्री रक्षा खडसेले नवनियुक्त व्यक्तिहरूलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभयो।

**सीतारामन- वित्त सम्मेलनको समापन**

वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले हिज राज्य र केन्द्र शासित प्रदेशहरूका वित्त मन्त्रीहरू र वित्त सचिवहरूको सम्मेलनको पहिलो बैठकको समापन सत्रमा भाग लिनुभयो। यो सम्मेलन "विकसित भारततर्फ भारतको यात्राको लागि वित्तीयकरण" शीर्षकमा आयोजित गरिएको थियो। अर्थ मन्त्रालयले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनेको छ, 'सत्रहरूमा समष्टिगत आर्थिक दृष्टिकोण, कृषिमा रूपान्तरणका लागि वित्त पोषण र ऊर्जा संक्रमणका लागि वित्तीयकरण जस्ता प्रमुख विषयहरूमा छलफल भएको थियो।

मन्त्रालयले भनेको छ कि यी छलफलहरूले भविष्यका चुनौतीहरूका साथै 'विकसित भारत' बन्ने मार्गमा भारतले सामना गर्ने विशाल अवसरहरूको बारेमा अझ राम्रो बुझाइ प्रदान गरेको छ।मन्त्रालयले यो पनि भनेको छ कि 'टीम इन्डिया' को भावनामा केन्द्र र राज्यहरूले 'विकसित भारत' को साझा दृष्टिकोणलाई साकार पार्न मिलेर काम गर्नेछन्।

**डूसू- चुनाव**

अखिल भारतीय विद्यार्थी परिषद- ABVP ले दिल्ली विश्वविद्यालय छात्र संघ चुनावमा तीनवटा प्रमुख पद जितेको छ। यश डबास **अध्यक्ष**, रिया छावड़ी **सचिव** अन्नी लक्ष्य राज सिंह **संयुक्त सचिव** निर्वाचित भएका छन्। उपाध्यक्ष पद निर्दलीय उम्मीदवार दीपांशु शोकीनले जितेका छन्।रक्षामंत्री राजनाथ सिंह अनि गृहमंत्री अमित शाहले विश्वविद्यालय चुनावमा ABVP को सफलतामा बधाई दिनुभएको छ। श्री सिंहले भन्नुभयो – यो जीत **'राष्ट्र प्रथम'** नीतिमा युवाहरुको अटूट विश्वासको प्रतीक हो। श्री शाहले अझ भन्नुभयो – यो जीतले छात्र कल्याण प्रति ABVP को प्रतिबद्धतालाई लिएर युवाहरुमा दृढ विश्वास बनेको छ।भारतीय जनता पार्टी अध्यक्ष नितिन नबीनले भन्नुभयो कि यस जीतले 'विकसित भारत' को लागि योगदान प्रति विद्यार्थिहरुको दृढ़ संकल्पलाई प्रदर्शित गर्दछ।

**वैष्णव-सेमीकंडक्टर**

सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णवले भन्नुभएको छ कि सेमीकंडक्टर उद्योगलाई ती देशहरुको साइबर हमलाहरू र यस्ता बाधा हरुको लागि तयार रहन आवश्यक छ, जो भारतलाई यस क्षेत्रमा अगाडी बढेको देख्न चाहदैनन्। एक मीडिया संस्थानसँग कुरा गर्दै उहाँले भन्नुभयो कि भारत सम्भावित भू-राजनीतिक जोखिमबाट सावधान रहनुपर्दछ, किनकि यो अब चिप डिजाइन र उत्पादन सक्षम देशको रूपमा उदाइरहेको छ। धेरै कम्पनीहरू र देशहरूले यसलाई आफैंको लागि खतराको रूपमा

विचार गर्न सक्छन्।
श्री वैष्णवले भन्नुभयो कि सेमिकन्डक्टर उद्योगलाई हरेक स्तरमा ठूलो प्रयासको आवश्यकता छ। उहाँले उद्योग, केन्द्र सरकार र राज्यहरूले मिलेर काम गर्नु पने बताउनुभयो ।

## दिल्ली-एसआईआर निर्वाचन आयोग

निर्वाचन आयोगले आज दिल्लीका सबै मतदान केन्द्रहरूमा विशेष शिविरहरूको आयोजना गर्नेछ। यस अवधिमा मतदाता नामावलीमा नयाँ नाम थप्न सकिनेछ, कुनै पनि नाम थप्ने वा मेटाउने प्रस्तावमा आपत्ति उठाउन सकिनेछ र मतदाता नामावलीको विवरण सच्याउन सकिनेछ।
दिल्लीका मुख्य निर्वाचन अधिकारी अशोक कुमारले विशेष गहन पुनरीक्षण-SIR को संबंधमा भन्नुभयो कि सुनुवाइका क्रममा असूचीबद्ध कागजातलाई पनि विचार गर्न सकिने छ । उहाँले भन्नुभयो कि विभिन्न मामिलाहरूमा नाम, जन्म मिति वा अन्य जानकारीसँग सम्बन्धित कागजातमाथि विचार गरिनेछ ।

## सय सप्ताह - नशा मुक्त युवा

आज युवाहरू विकसित भारतको लागि लागुऔषध मुक्त युवा अभियानको सय हप्ताको हिस्साको रूपमा देशभरि एक जुट भइरहेका छन् । युवा कार्यक्रम एवं खेल मंत्रालय अनुसार **राष्ट्रीय संकल्प समारोह** एक हजार 67 स्थानहरुमा आयोजना हुनेछ । अभियानको सन्देश लागुऔषध दुव्र्यवहार प्रतिबद्धता, हस्ताक्षर अभियान, सडक नाटक, नारा लेखन र छलफलमार्फत युवासम्म सिधै पु¥याइनेछ |
यस अभियानमा आध्यात्मिक समूह, प्रमुख व्यापारिक समूह, कॉलेज र स्थानीय संगठन शामेल छन् ।यो कार्यक्रम एक महत्वपूर्ण क्षण हुनेछ, जसले युवाहरूलाई स्वस्थ छनौट र लागुऔषध मुक्त भविष्यको लागि साझा प्रतिबद्धताको लागि एकताबद्ध गर्नेछ। अभियानको नयाँ चरण हिजो राष्ट्रव्यापी रूपमा सुरु गरिएको थियो।

## एलपीजी-रिफिल बाायोमीट्रिक

अक्टुबरको पहिलो दिनदेखि अनुदानित एलपीजी बुकिंगका लागि आधारसँग जोडिएको बायोमेट्रिक प्रमाणीकरण अनिवार्य हुनेछ।
पेट्रोलियम एवं प्राकृतिक ग्यास मन्त्रालयले भनेको छ कि यसको उद्देश्य यो सुनिश्चित गर्नु हो कि अनुदानित एलपीजी सिलिन्डरहरू केवल योग्य घरपरिवारहरूलाई मात्र उपलब्ध हुन् सकियोस ।
मन्त्रालयले स्पष्ट पारेको छ कि यस प्रक्रियाको उद्देश्य कुनै पनि योग्य परिवारलाई एलपीजीबाट वञ्चित गर्नु होइन। जुन ग्राहकहरुले प्रमाणीकरण पूरा गरिसकेका छन् ती ग्राहकहरूलाई फेरि प्रमाणीकरण पूरा गर्न आवश्यक छैन|
बायोमेट्रिक आधार प्रमाणीकरणको काम सिलिन्डरको डेलिभरीको समय, वितरकको शोरूममा वा तेल मार्केटिंग कम्पनीहरूको मोबाइल एपमार्फत गर्न सकिनेछ।

## सेमिकॉन इंडिया

भारतको प्रमुख सेमीकंडक्टर सम्मेलन, 'सेमिकॉन इंडिया 2026' को पांच औ संस्करण हिज नयाँ दिल्लीको यशोभूमिमा सफलतापूर्वक संपन्न भयो । "सिलिकॉन टू सिस्टम्स: बिल्डिंग द इकोसिस्टम" थीम माथि आधारित यस तीन दिवसीय सम्मेलनमा 600 भन्दा अधिक कंपनिहरुका प्रतिनिधिहरुले भाग लिए । यसमा लगभग 300 अंतरराष्ट्रीय प्रतिभागी, 52 देशहरुका प्रतिनिधि अनि 150 भन्दा अधिक वक्ता सामेल थिए । यस कार्यक्रममा मोठ 51,656 पंजीकरण भएको छ अनि लगभग 40,000 मानिसहरु सामेल भए । प्रधानमंत्री नरेंद्र मोदीले सेमिकॉन इंडियाको उद्घाटन गर्नुभयो अनि नीतिगत चर्चाहरु , परियोजनाहरुको योजना देखि लिएर व्यवसायिक सेमीकंडक्टर उत्पादन सम्म भारतको प्रगति माथि प्रकाश पारे ।तीन दिवसीय आयोजनको अवधि सेमीकंडक्टर डिजाइन, फैब्रिकेशन, एडवांस्ड पैकेजिंग, उपकरण अनि सामग्री, पावर इलेक्ट्रॉनिक्स अनि आर्टिफिशियल इंटेलिजेंस जस्ता क्षेत्रहरुमा 56 समझौता ज्ञापन, घोषणाहरु अनि रणनीतिक पहलहरु देख्न पाईयो ।

**मौसम**

आज आन्ध्र प्रदेश, कर्नाटक, केरला, माहे, तमिलनाडु, तेलङ्गाना र अन्डमान अनि निकोबार द्वीपहरूमा भारी वर्षा हुने सम्भावना छ। मौसम विभागका अनुसार आगामी दुई दिनसम्म मध्य महाराष्ट्र, उडिसा, कर्नाटक, तमिलनाडु, पुडुचेरी र कराइकलमा मेघ गर्जन हुने सम्भावना छ। आईएमडीले जालहारीहरुलाई भोली सोमबारसम्म अण्डमान सागरमा नजाने अनि आगामी तीन दिनसम्म पूर्वमध्य र उत्तरपूर्वी बंगालको खाडीमा नजाने सल्लाह दिएको छ।

**रात्रि एशियाई खेल**

जापानमा शुरू भएको 20 औ एशियाई खेल 2026 मा आज बिहान बिभिन्न भारतीय खेलाडीहरुले बेग्ला-बेग्लै स्पर्धामा पदक जित्ने प्रयाश गर्नेछन्। भारतीय निशानेबाज इलावेनिल वलारिवन, सोनम मस्कर अमी विदर्शा विनोदले महिलाहरुको 10 मीटर एयर राइफल स्पर्धामा पदक जित्ने प्रयाश गर्नेछन्। भारतीय महिला हॉकी टीमले पनि आफ्नो अभियानको शुरुआत गर्नेछ अनि ग्रुप-स्टेजको पहिलो म्याचमा उज़्बेकिस्तानसित भिड्नेछ। पुरुष हॉकी टीम टूर्नामेंटमा आफ्नो पहिलो म्याचमा बिहान 11 बजेर 30 मिनेट जाँदा इंडोनेशियासित भिड्नेछ। भारतीय महिला क्रिकेट टीम दोस्रो सेमीफ़ाइनलमा जापानको निशिनमा बांग्लादेश बिरुद्ध मैदानमा उत्रिनेछ।